नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

# व्यावसायिक प्रशिक्षण केन्द्र

इटहरी, सुनसरी

## नि:शुल्क तालिम सञ्चालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१८ गते

यस प्रशिक्षण केन्द्रबाट देहाय बमोजिमका सीपमुलक तालिमहरु नि:शुल्क रुपमा संचालन हुने भएको हुँदा तालिममा सहभागी हुन इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको स्थानमा आवेदन फारम भर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

| क्र. स. | तालिमका विषयहरु | तालिमको अवधी (घण्टा) | न्यूनतम शैक्षिक योग्यता | आवेदन फारम पाइने र पेश गर्नुपर्ने स्थान | तालिम संचालन हुने स्थान | अन्तर्वार्ता, तालिम उद्घाटन र कक्षा सञ्चालन मिति |
|---|---|---|---|---|---|---|
| १ | कुक | १६० | न्यूनतम ८ कक्षा उत्तीर्ण | व्यावसायिक प्रशिक्षण केन्द्र | व्यावसायिक प्रशिक्षण केन्द्र | अन्तर्वार्ताको मिति २०८२/०६/०५ गते यस केन्द्रको सूचना पाटिमा सूचना टाँस गरी तोकिने छ। (Facebook page: Vocational Training Centre, Itahari, Website: vtcitahari.gov.np) |
| २ | बेसिक कम्प्युटर अपरेटर | २२० | न्यूनतम एस.एल.सी/ एस.ई.ई उत्तीर्ण | | व्यावसायिक प्रशिक्षण केन्द्र | |
| ३ | केयर गिभर | ३९० | न्यूनतम ८ कक्षा उत्तीर्ण | | व्या. प्र. के. वा केन्द्रले तोकेको स्थान | |
| ४ | हेयर कटिङ | ३९० | न्यूनतम ८ कक्षा उत्तीर्ण | | व्या. प्र. के. वा केन्द्रले तोकेको स्थान | |
| ५ | हाउस पेन्टिङ | १६३ | साक्षर भएको | | व्या. प्र. के. वा केन्द्रले तोकेको स्थान | |
| ६ | इलेक्ट्रिसियन वेसिक | ३९० | न्यूनतम ८ कक्षा उत्तीर्ण | सुखिपुर न.पा., रोजगार शाखा | सुखिपुर न.पा., क्षेत्रभित्र | |
| ७ | फेसन डिजाइन | ३९० | न्यूनतम ८ कक्षा उत्तीर्ण | त्रियुगा न.पा., रोजगार शाखा | त्रियुगा न.पा., क्षेत्रभित्र | |
| ८ | वारिष्टा | १६० | न्यूनतम ८ कक्षा उत्तीर्ण | गौरादह न.पा., रोजगार शाखा | गौरादह न.पा., क्षेत्रभित्र | |
| ९ | | | | सुन्दरहरैचा न.पा., रोजगार शाखा | सुन्दरहरैचा न.पा., क्षेत्रभित्र | |
| १० | प्लम्विङ्ग | ३९० | न्यूनतम ८ कक्षा उत्तीर्ण | धरान उ.म.न.पा., रोजगार शाखा | धरान उ.म.न.पा., क्षेत्र भित्र | |
| ११ | | | | तिरहुत गा.पा., रोजगार शाखा | तिरहुत गा.पा., क्षेत्रभित्र | |
| १२ | मन्टेश्वरी | ३९० | न्यूनतम एस.एल.सी/ एस.ई.ई उतीर्ण | इनरुवा न.पा., रोजगार शाखा | इनरुवा न.पा., क्षेत्रभित्र | |
| १३ | बेकर | १६० | न्यूनतम ८ कक्षा उत्तीर्ण | सुन्दरहरैचा न.पा., रोजगार शाखा | सुन्दरहरैचा न.पा., क्षेत्रभित्र | |
| १४ | मोबाइल फोन मर्मत | २२५ | न्यूनतम ८ कक्षा उत्तीर्ण | कोशी गा.पा., रोजगार शाखा | कोशी गा.पा. क्षेत्रभित्र | |
| १५ | इलेक्ट्रिसियन वेसिक | ३९० | न्यूनतम ८ कक्षा उत्तीर्ण | इनरुवा न.पा., रोजगार शाखा | इनरुवा न.पा., क्षेत्रभित्र | |

शर्तहरु:

१. प्रशिक्षार्थीले आवेदन फारम, नेपाली नागरिकताको प्रतिलिपि, ३ प्रति पासपोर्ट साइजका फोटा, शैक्षिक योग्यताको प्रमाण पत्र (लब्धाङ्क र चारित्रीक) को प्रतिलिपि राखी मिति २०८२/०६/०१ गते सम्म (सो दिन बिदा परेमा भोलिपल्ट) कार्यालय समयभित्र उल्लेखित स्थानमा बुझाउनुपर्नेछ।

२. तालिम लिन इच्छुक उम्मेदवारको उमेर १८ बर्ष पुरा भएको र ४५ वर्ष ननाघेको हुनु पर्नेछ। प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताको माध्यमबाट गरिनेछ। प्रशिक्षार्थी छनौट सम्बन्धि सूचना यस केन्द्रको सूचना पाटी, फेसबुक पेजमा र वेवसाइटमा प्रकाशन गरिनेछ ।

३. तालिम सुरु भएको तीन (३) दिन भित्र उपस्थित नहुने प्रशिक्षार्थीको स्थानमा वैकल्पिक उम्मेदवारलाई तालिममा सहभागी गराइनेछ ।

४. एक समूहमा २० जना प्रशिक्षार्थी सहभागी गराइनेछ।

५. अवस्था हेरी विपन्न, दलित, अपाङ्ग, शहिद परिवार, एकल महिला र पिछडिएको क्षेत्रका व्याक्तिलाई प्राथामिकता दिइनेछ।

६. बस्ने र खाने व्यवस्था प्रशिक्षार्थी आफैले गर्नु पर्नेछ।

७. तालिममा छनौट भइ मनासिब कारण बिना तालिममा छनौट भएका प्रशिक्षार्थीहरुले तालिम छोडेमा सरकारी अभिलेख राखी भविष्यमा केन्द्रबाट संचालन हुने कुनै पनि किसिमको तालिममा सहभागी गराइने छैन ।

८. शनिवार बाहेक सबै सार्वजनिक बिदाको दिन कक्षा संचालन हुनेछ ।

९. आवेदन फारम भर्दा पेश गरेको सबै कागजातहरुको सक्कल प्रति समेत लिई अन्तर्वार्तामा आउनु पर्नेछ।

१०. तालिममा सहभागि प्रशिक्षार्थीहरुलाई दैनिक रु.५०/- का दरले खाजा भत्ता उपलब्ध गराइनेछ ।

थप जानकारीको लागि : फोन नं. ०२५-५८१०१६, Website: vtcitahari.gov.np र Facebook page: Vocational Training Centre, Itahari

पुष्पराज कटवाल
कार्यकारी निर्देशक